रत्ननगर नगरपालिकाद्वारा प्रकाशित

# स्थानिय राजपत्र

खण्ड ६ संख्या १ मितिः २०७५/०२/२४

## भाग २

# नगर कार्यपालिकामा विज्ञ सल्लाहकार नियुक्ति सम्वन्धी कार्यविधी २०७९

## रत्ननगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, चितवन
बागमती प्रदेश, नेपाल

## १) प्रस्तावना

नेपालको संविधान २०७२ र स्थानीय सरकार सन्चालन ऐन २०७४ बमोजिम नगरपालिकालाई तोकिएका काम कर्तव्य र अधिकार प्रभावकारी रुपमा सम्पादन गर्नको लागि रत्ननगर नगरपालिकाका पदाधिकारीलाई आवश्यक राय, सल्लाह सुझाव प्रदान गर्न रत्ननगर नगरपालिकामा विज्ञ सल्लाहाकार नियुक्ती र सेवा सुविधालाई व्यवस्थित गर्ने सम्बन्धमा रत्ननगर नगर कार्यपालिकाले यो कार्यविधी बनाई लागु गरेको छ ।

## २) संक्षिप्त नाम, प्रारम्भ र प्रयोग:

क) यो कार्यविधीको नाम रत्ननगर "नगरकार्यपालिकामा विज्ञ सल्लाहकार नियुक्ती सम्वन्धी कार्यविधी २०७५" रहने छ

ख) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

## ३) परिभाषा:

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ भन्ने बुझिन्छ ।

ख) "कार्यविधी" भन्नाले रत्ननगर नगरपालिका विज्ञ सल्लाहकार नियुक्त सम्बन्धमा बनेको कार्यविधी भन्ने बुझिन्छ ।

ग) "नगरपालिका" भन्नाले रत्ननगर नगरपालिकालाई सम्झनुपर्नेछ ।

घ) "पदाधिकारी" भन्नाले रत्ननगर नगरपालिका नगरप्रमुख र उपप्रमुख लाई सम्झनुपर्नेछ ।

ङ) "सल्लाहाकार" भन्नाले दफा ३ (१) बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्नेछ ।

## ४) परिच्छेद १- पदपुर्ती तथा योग्यता सम्बन्धमा:

क) नगरप्रमुखको सिफारिसमा नगरकार्यपालिकाको अनुमोदन (निर्णयनुसार ) मा विज्ञ सल्लाहाकार नियुक्त गरिने छ ।

ख) कम्तिमा ३५ वर्ष उमेर पुरा गरेको हुनुपर्ने छ ।

ग) स्नातक वा सो सरह उत्रिर्ण भएको हुनुपर्ने छ ।
घ)कुनै नेपालको प्रचलित कानूनले अयोग्य नभएको हुनुपर्ने छ ।
ङ) रत्ननगर नगरपालिका भित्रको नागरिक हुनुपर्ने छ ।

**५) परिच्छेद २- विज्ञ सल्लाहाकारको काम कर्तव्य र अधिकारः**

क) रत्ननगर नगरपालिकाको लागि आवश्यक राय, सल्लाहकार, सुझाव, प्रदान गर्ने ।
ख) निति नियम बनाउनमा आवश्यक सहयोग गर्ने ।
ग) विषयगत समितिलाई आवश्यक परेमा सल्लाह सुझाव दिने ।
घ) कार्यक्रम कार्यान्वयनको लागि नगरप्रमुखको सहयोगिको रुपमा रहेर काम गर्ने ।
ङ) अन्य विविध कामको जिम्मेबारी नगरसभाको निर्णय तथा नगर कार्यपालिकाको निर्णय र नगरप्रमुखको निर्णयनुसार हुने छ ।

**६) परिच्छेद ३ सेवा तथा सुविधा**

क) विज्ञ सल्लाहाकारको मासिक सेवा (पारिश्रमिक ) उपसचिवको सुरुको तलब स्केल बराबर हुने छ ।
ख) विभिन्न समितिको (प्रदेश कानुनले तोके बमोजिमको) बैठकमा उपस्थित हुँदा बैठक भत्ता तथा यातायात खर्च पाउने छ ।

**६) परिच्छेद ४ पद रित्त हुने अवस्थाः**

क) निजले लिखित राजिनामा नगरप्रमुख समक्ष पेश गरेमा ।
ख) नगरप्रमुखको सिफारिसमा नगरकार्यपालिकाको अनुमोदनमा ( निर्णयनुसार) पदमुक्त गरेमा ।
ग) निजको नियुक्ति नविकरण नभएमा ।

घ) नैतिकपतन देखिने फौजदारी अभियोग लागेमा वा कसुर दायर भएमा ।
ङ) निजको कार्य सन्तोषजनक नभएको भनि नगरकार्यपालिकाले ठहर गरेमा नगर कार्यपालिकाले निजलाई पदमुक्त गर्न सक्नेछ ।

## ७) विविध

### ७.१) संसोधन

यो कार्यविधिमा परिमार्जन र सुधार गर्नुपर्ने भएमा नगर सभाको निर्णयनुसार आवश्यक संसोधन गर्नसक्ने छ ।

### ७.२ व्याख्या

यो कार्यविधिको प्रयोगमा द्धुविधा उत्पन्न भएमा नगरसभाले गरेको ब्याख्या अन्तिम मानिनेछ ।

आज्ञाले
शिशिर पौडेल
प्रमुख प्रशासकिय अधिकृत